असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, प्रदेश नं १

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति :२०८०।०२।०३*

संस्थाद्वारा सञ्चालित बचत तथा ऋण व्यवसाय अन्तर्गत **एनएमसी पथरिया सेवाकेन्द्रमा** संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) र बचत तथा ऋण व्यवसायको मानव संसाधन सम्बन्धी आन्तरिक कार्यबिधि २०७८ (संशोधन २०७९) बमोजिम निम्न पदमा खुला प्रतिस्पर्धाद्वारा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल :

**पद : कार्यालय सहयोगी पाँचौं**

| क्र.सं. | विज्ञापन नं. | सेवाकेन्द्र | संख्या |
|---|---|---|---|
| १ | ८५(२०७९।०८०) | पथरिया | १ (एक जना) |

**(क) छनोट प्रक्रियाका आधारहरु :**

| **क्र.स.** | **विवरण** | **अंकभार** | **कैफियत** |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ४० | वस्तुगत ३०, विषयगत १० |
| २. | अनुभव | ५ | |
| ३. | स्थानियता | ५ | |
| ४. | मोटरसाइकल/स्कुटरको सवारी चालक अनुमति पत्र | ५ | |
| ५. | शारीरिक तन्दुरुस्ती | ५ | |
| ६. | मौखिक अन्तर्वार्ता | ४० | |
| | **पूर्णाङ्क** | **१००** | |

**(ख) लिखित परीक्षाका लागि पाठ्यक्रम : ४० अंक**

| **क्र.सं.** | **वस्तुगत पाठ्यक्रम विवरण** | **३० अंक** |
|---|---|---|
| १ | एसईई वा सो सरहको पाठ्यक्रम | १५ |
| २ | समसामयिक सामान्यज्ञान | १० |
| ३ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था विशेष | ५ |
| **क्र.सं.** | **विषयगत पाठ्यक्रम विवरण** | **१० अंक** |
| १ | निवेदन लेखन | ५ |
| २ | अनुच्छेद लेखन (तोकिएको विषयमा) | ५ |

**(ग) अन्य**

- परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता हुनेछ ।
- परीक्षा मिति, परीक्षा केन्द्रः : परीक्षा सम्बन्धि सूचना पछि प्रकाशन गरिने छ ।
- दरखास्त दस्तुर : रु.२००।- (दुईसय)
- दरखास्त दिने अन्तिम मिति : : मिति २०८० जेष्ठ ११ गते बिहिबारसम्म ।

- उम्मेद्वारको उमेरको हद (महिला/पुरुष) : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- पदमा रही गर्नुपर्ने कामको विवरण : संस्थाले तोकेको जिम्मेवारीसँग सम्बन्धित कार्यविवरण (JD) अनुसार ।
- सेवा सुविधा : संस्थाको नियम अनुसार
- आवश्यक न्यूनतम शैक्षिक योग्यता : एसईई वा सोसरह
- सेवाको प्रकृति : करार
- परिक्षणकाल : सेवा अवधिको पहिलो ६ महिना (१८०) दिन हुनेछ ।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा रोजगार निरन्तरता गर्ने वा नगर्ने सम्बन्धी संस्थाले निर्णय गर्नेछ ।
- आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम भरी न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि पासपोर्ट साइजको ३ प्रतिफोटो , व्यक्तिगत विवरण (Bio-Data) र हस्तलिखित निवेदन, परीक्षा दस्तुर बुझाएको जम्मा भौचर नेपाली रेकर्ड फाइलमा संलग्न राखि आवेदन माग गरिएको सेवाकेन्द्रमा बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकार गरिने छैन ।
- कार्यालय सहयोगी पदमा काम गरेको अनुभव र तालिमका आधारमा अंकभार तोकिएको हुँदा उक्त अंक प्राप्त गर्न परीक्षार्थीले उक्त प्रमाणहरू दरखास्त फारमसगै पेश गर्नु पर्नेछ ।
- विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।
- विज्ञापनमा उल्लिखित पदका लागि आवश्यक सङ्ख्याको २० गुणा वा १०० भन्दा बढी संख्यामा आवेदन पर्न आएमा सम्बन्धित पदका लागि प्रारम्भिक छनोट चरणको परीक्षा सञ्चालन गर्न सकिने छ ।
- संस्थाको कर्पोरेट मानव संसाधन व्यवस्थापन सम्बन्धी आन्तरिक कार्यविधि २०७६ (संशोधन २०७९) बमोजिम सञ्चय कोष, ग्रेड, उपदान, साधारण भत्ता, बोनस र सञ्चिती बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।
- सामाजिक सुरक्षाकोषमा आवद्ध गराई कोषले प्रदान गर्ने सम्पुर्ण सेवा सुबिधा उपलब्ध गराइनेछ ।
- आवेदन शुल्क संस्थाको वित्तीय व्यवसाय अन्तरगत प्रधान कार्यालयको बचत हि.न.०९९५३००००६३ NMC SEWA AAYOG खातामा जम्मा गरी जम्मा भौचर आवेदन फायलमा अनिवार्य राख्नु पर्नेछ ।
- तोकिएबमोजिमको दरखास्त शुल्क बुझाएपछि मात्र फारम रुजु लगायत अन्य प्रक्रिया अघि बढाइनेछ ।
- उम्मेद्वारले जम्मा गरिसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।
- अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ।
- उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।

**थप जानकारीका लागि एनएमसी पथरिया सेवाकेन्द्र ९८५२६८९४७७**

**-कर्पोरेट मानव संसाधन विभाग**